

# १३ स्वर्ग, शिक्षा र अनन्त शिक्षा

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना ३:१६, १ यूहन्ना ५:१३, १ तिमोथी १:१६, १ कोरन्थी १३:१२ र जकरिया १३:६।

***अस अध्यायको मूल सार पद:*** "आँखाले नदेखेका, कानले नसुनेको, नत मानिसको दिमाग वा मनमा कहिल्यै घुसेको छ जुन परमेश्वरलाई प्रेम गर्नुहुनेहरूको निम्ति उहाँले तयार गर्नुभएको छ" (१ कोरन्थी २:९ रूपान्तरित)।

एक जना कवि आफ्नो मृत्युको बारेमा डराएर यो प्रश्न गरेका थिए, "चिहानभन्दा पारि कस्तो किसिमको चेतना पर्खिरहेको होला जसलाई आफ्नो अस्तित्व, मृत्यु र बिनाशको बारेमा निश्चित ज्ञान छैन?" उनले त्यसबारेमा एउटा कविता तयार पारे। त्यो कवितको शिर्षक थियो "मृत्युपश्चातको निम्ति तयार पारिने संस्था।" जब मानिस मरेपछि उसलाई के हुन्छ भनेर उसलाई थाहै छैन त्यसको निम्ति के तयार पार्नुपर्छ भनेर उसलाई कसरी थाहा हुन्छ र?

भाग्यवस, स्वर्ग, नयाँ पृथ्वी वा राज्य र अनन्तभरि हामी कसरी जिउनेछौं र सिकिरहनेछौं भन्ने विषयबस्तुहरूको बारेमा थाहा पाउन बाइबलमा ठूलो अन्तर्ज्ञान वा अन्तरदृष्टि हामीलाई दिइएको छ। यस पुस्तकभरि हामीले हेऱ्यौं कि मृत्युपछि हामीले गर्नुपर्ने तयारी के हो भनेर सोच्नुभन्दा अहिले नै मृत्युपछिको निम्ति के, कसरी तयरा गर्नुपर्छ भनेर हाम्रो सुशिक्षादीक्षाले सिकाउँछ। अहिले हामीले जुनसुकै विषयबस्तु सिकेतापनि वा विद्या हासिल गरेतापनि त्यसले पछिको निम्ति तयार पार्न सिक्नुपर्दछ।

धेरै स्कूल वा शिक्षण संस्थाहरूले धेरै ज्ञान वा सूचनाहरू दिन सक्छन्। तिनीहरूमा कतिपय असल व्यवहारिक र उपयोगी ज्ञानहरू समावेश गरेको हुन्छ। तर मानिसले ती सबै अनेकौं ज्ञानहरू हासिल गरेतापनि अन्तमा

आएर अनन्त जीवन नै गुमाउँछ भने ती सबै ज्ञानहरूको उपलब्धी नै के छ र? अनन्त जीवनमा भर्ना हुने शिक्षणसंस्था वा निरन्तररूपमा अध्यापन गरिरहने पाठशालाको विषयमा परमेश्वरको प्रेरणाद्वारा दिइएको सामग्रीहरूबाट हामी यस अध्यायमा हेर्नेछौं। अनन्त समयसम्म हामीले के सिकिरहनेछौं र केमा बिकाश गरिहनेछौं त्यो नियाल्न प्रयास गर्नेछौं जुन बर्तमान संसारले कल्पना पनि गर्न सक्दैन।

## १. मृत्युमाथि गरिने फैसला

सन १६००तिर फ्रान्सको एक प्रसिद्ध लेखक ब्लेज पास्कलले मानवताको बारेमा चिन्तन गर्दै थिए। उनको निम्ति एउटा विषय धेरै स्पष्ट थियोः मानिस जतिसुकै लामो आयु भएतापनि (ती दिनहरूमा मानिसहरू धेरै वर्ष बाँच्दैनथे), त्यो मानिसको जीवन जतिसुकै असलै भएतापनि (त्यसबेलाको जीवन त्यति रमाइलो वा महान् त थिएन), ढिलो वा चाँडो त्यो मानिस मर्दछ।

तर जे भएतापनि मृत्युपछि जे आउँछ यस संसारको छोटो जीवनीभन्दा लामो, अनन्तको हुनेछ। त्यसकारण मानिस मरेपछि उसको निम्ति के पर्खिरहेको छ त्यो थाहा पाउन सक्नु नै उसको निम्ति तार्किक वा अर्थपूर्ण हुन्छ। यस जीवनमा आउने अनेकौं सानोतिनो घट्ना जस्तै जागिर खुस्किनु वा आफ्नो मान, मर्यादालाई अपान गरेको जस्ता कुराहरूले मानिसहरूलाई पिरोलेको देखेर उनी चकित भएका थिए। आफू मरेपछि के हुन्छ भन्ने कुरामा तिनीहरूले चासो नदेखाउनु उनको निम्ति आश्चर्यपूर्ण थियो।

पास्कलको भनाइ तर्कपूर्ण छ। त्यही सन्दर्भमा येशूमा विश्वास गरि मुक्ति पाएकाहरूको निम्ति भविष्यमा के पर्खिरहेको छ भनेर व्याख्या गर्न वा बुझाउन बाइबलले धेरै प्रयास गर्दछ।

देहायका पदहरू पढ्नुहोस्। तिनीहरूमा के आशा हाम्रो निम्ति प्रस्तुत गरिएको छ? युहन्ना ६:५०-५९ "५० स्वर्गबाट ओर्लिआउने रोटी यही हो, जसले यो खान्छ त्यो मर्नेछैन। ५१ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैंभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।" ५२ तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" ५३ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा

जीवन हुँदैन। ५४ <u>मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु</u>। ५५ किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। ५६ मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। ५७ जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैंभरि जिउनेछ।" ५९ उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिँदा भन्नुभएको हो।", यूहन्ना ३:१६,१७ "१६ <u>"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्</u>। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।", १ यूहन्ना ५:११-१३ "११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३ <u>तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु</u>।", १ तिमोथी १:१५-१७ "१५ यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। १६ <u>तर यसकारण मैले कृपा पाएँ, कि पापीहरूमा सबैभन्दा मुख्य भएर पनि मद्वारा येशू ख्रीष्टले आफ्नो असीम धैर्य प्रकट गर्न सकून्, ताकि उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरूका लागि म एउटा उदाहरण बन्न सकूँ।</u> १७ युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमेन।", यूहन्ना ४:१३-१४ "१३ येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ <u>तर जस-जसले मैले दिने पानी पिउँछ, त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!"</u>, यूहन्ना ६:३७-४० "३७ पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। ३८ आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ। ३९ र मलाई

पठाउनुहुनेको इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ, तर तिनीहरूलाई अन्त्यको दिनमा जीवित पारूँ। ४० किनभने मेरा पिताको इच्छा यो हो, कि पुत्रलाई हेर्ने र उसमाथि विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गरोस्, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु।", यहूदा १:२०-२५ "२० तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। २१ आफैलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर। २२ दोधारमा हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर। २४ अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।" र तितस ३:४-८ "४ तर जब परमेश्वर हाम्रा मुक्तिदाताको भलाइ र प्रेम प्रकट भयो, ५ तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो, ६ जो उहाँले हाम्रा मुक्तिदाता येशू ख्रीष्टद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो, ७ ताकि उहाँको अनुग्रहले धर्मी ठहरिएर हामी अनन्त जीवनको आशा राख्ने उत्तराधिकारी बन्न सकौं। ८ यो भनाइ पक्का छ। म चाहन्छु कि तिमीले यी कुराहरूमा जोड देऊ, ताकि तिनीहरू जसले परमेश्वरमा विश्वास राखेका छन् आफूलाई असल काममा कायम राख्न होशियार रहून्, किनकि यी कुरा मानिसहरूका लागि उत्तम र लाभदायक छन्।"

**क्रुसमा देखाइएको ज्योति वा दिव्यज्ञानबाट हेर्दा अनन्त जीवन अत्यन्तै अर्थमूलक देख्दछ। येशूको क्रुसको बारेमा भएको आत्मज्ञानले हामीलाई अनन्त जीवनभन्दा अरू केही पनि अर्थपूर्ण हुँदैन। जगतको सृष्टिकर्ता सनातनको परमेश्वर जसले जगतलाई सृष्टि गर्नुभयो (हिब्रू १:२), जसमा हामी "जिउँछौं, चल्छौं र हाम्रो प्राण छ" (प्रेरित १७:२८ रूपान्तरित) त्यही परमेश्वर मानव चोला लिएर आउनुभयो र मानव चोलालाई क्रुसमा टाँगिन रोज्नुभयो। के को**

लागि? हाम्रो शरीर वा जीवन सधैं कुहिएर रहन वा पशु जस्तै संसारको सडकमा मारिन?

त्यसैकारणले नयाँ करारमा अनन्त जीवनको प्रतिज्ञाहरूका बुट्टाहरूले भरिएका छन्। यस संसारमा पापले गर्दा हामी जे गुमायौं त्यो अनन्त जीवनमा पाउनेछ भनेर नयाँ करारले ग्यारेन्टी दिएको छ। पापले गर्दा ल्याएको क्षतबिक्षत मानव जीवनलाई लाखौं, करोडौं, खरबौं वर्षहरूको कुनै असल कामले सफा गर्न सक्दैन, पापबाट मुक्ति दिन सक्दैन (८४ लाख जुनीले मानिसलाई मुक्ति दिन्छ भन्ने धारणा बाइबलको निम्ति अनौठो छ)। येशू ख्रीष्टमा पाउने अनन्त जीवनले सबै थोकहरू सन्तुलनमा राख्न सक्दछ। अनन्त भनेको यस संसारको सिमित आयु भन्दा असिमित हो र अनन्त सधैं अनन्त नै भएर रहिरहन्छ।

जे कुरा पछि आउने हो त्यसको तुलनामा यस संसारमा हामी जे गर्छौं वा जति बाँच्छौं त्यो सिमित छ भन्ने पास्कलको तर्क उचित छ। अनन्त जीवनको निम्ति हामी तयार नहुने कस्तो मूर्खता हो? (यो आत्मज्ञान वा अनन्त जीवनको निम्ति तयार हुनुपर्ने ज्ञान केवल पशुमा मात्र हुँदैन)।

मानिस मरेपछि के हुन्छ भनेर बाइबलबिपरित अनेकौं तर्क गर्नेहरूलाई तपाईंले के भन्नुहुन्छ? तिनीहरू अडिएको धारणा कस्तो तर्कयुक्त छैन भनेर कसरी बुझाउने?

## २. नयाँ अस्तित्व वा जीवन

"परमेश्वरले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक, रोदन र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" (प्रकाश २१:४)। बर्तमान संसारको तुलनामा त्यो नयाँ संसारमा हाम्रो अस्तित्व वा जीवन कस्तो होला भनेर माथिको पदले केही हदसम्म कसरी खुलासा गरिएको छ? त्यो संसार कस्तो होला, जहाँ दुःखकष्ट, महामारी, पीडा, एकले अर्कोलाई दवाउने वा पिडित बनाउने प्रवृति र मृत्युको छायाँसम्मै पनि हुँदैन?

एक जना येशूभक्तले आफ्नो साथीलाई सुसमाचारमा देखाएको आशा, येशू ख्रीष्टबाट पाइने अनन्त जीवनको बारेमा सुनाउँदै थियो। त्यो साथीले अत्यन्तै नकारात्मकरूपमा अनन्त जीवनको बारेमा अनुहारमा रातो पिरो गरेर जवाफ दियो। "अहिलेको हाम्रो ७०-८० वर्षको जीवन नै काफी छ र दर्दनाक

**छ। यस्तो जीवनले नै वाक्क भएको सन्दर्भमा अनन्तसम्म जिउने रे? त्यो त मेरो लागि नर्क हुनेछ।"**

**अनन्त जीवनको बारेमा त्यस्तो कहालीलाग्दो भावना त्यस मानिसले व्यक्त गरेको वेठीक वा नाजायज भन्न मिल्दैन तर उसले एउटा कुरा के बुझेन भने अनन्त जीवन भनेको अहिलेकै जीवनको निरन्तरता होइन। हो, यथार्थमा, कसले चाहन्छ र? तर माथिको पदले हामीलाई यो आश्वास्त गराउँछ कि पुरानो थोकहरू वा जीवन बितेर जान्छ र सबै थोक नयाँ हुनेछ।**

नयाँ संसारमा हाम्रो जीवन वा अस्तित्व नयाँ हुनेछ भनेर देहायका पदहरूले हामीलाई के बुझाउन खोजिएको छ? हेर्नुहोस्, २ पत्रुस ३:१०-१३ "१० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।", प्रकाश २१:१-६ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" ६ उहाँले मलाई भन्नुभयो, "अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा

दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।"

हामीले सोच्नुपर्ने अत्यन्तै महत्त्वपूर्ण प्रश्नचाहीँ यो होः  नयाँ जीवन, नयाँ संसार वा नयाँ अस्तित्वमा सहभागी हुन हामीले के गर्नुपर्छ? हामी त्यहाँ कसरी पुग्ने? त्यस जीवनमा हामी सहभागी हुने नै छौं भनेर कसरी सुनिश्चित गर्ने? हाम्रो बर्तमान जीवनमा के छ जुन परमेश्वरले येशूद्वारा दिनुहुने जीवनमा सहभागी हुन अहिले नै अवरोध खडा गरिरहेको छ?

## ३. अनि हामी थाहा पाउनेछौं

"स्वर्ग स्कूल वा पाठशाला हो। यस पाठशालाको विषयबस्तु जगत वा ब्रम्हान्ड, अनगिन्तियो नक्षेत्र वा तारापुञ्जहरू हुन्। यसको शिक्षक अनन्तकव परमेश्वर हुनुहुन्छ। यस स्कूल वा पाठशालाको शाखा अदनको बगैंचामा स्थापना भएको थियो। जब मुक्तिको योजना सम्पन्न हुन्छ तब अदनको स्कूलमा शैक्षिक कार्यक्रम फेरि सुरु हुनेछ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ३०१बाट रूपापन्तरित।

**यदि तपाईं चिन्तक हुनुहुन्छ भने तपाईंसँग धेरै प्रश्नहरू उब्जिन सक्छ-पापको बारेमा, दःखकष्ट, बिमार, महामारी, मृत्यु, आतङ्कित बनाउने तत्वहरू, यस्तो किन भयो त्यस्तो किन भयो वा अरू किन भयो आदि।**

**यस भौतिक र प्राकृतिक संसारको बारेमा पनि हामीहरूसँग प्रश्नहरू होला। अनेकौं रहस्यहरू जुन न त हामीलाई थाहा छ न त कुनै मैहुँ भन्ने वैज्ञानिकलाई थाहा छ। विज्ञान तथा प्रविधिको अनेकौं अचम्मका विकास, आविष्कार र प्रगतिले यस पृथ्वी वा संसारको बारेमा केही न केही थाहा दिएतापनि अझ कतिपय रहस्य र जगतको बारेमा हामीलाई जे थाहा छ त्यो केवल मरुभूमिमा खन्याएको एक चम्चा पानी जतिकै हो। हामीले सिक्नुपर्ने र जान्नु पर्ने धेरै कुराहरू छन्।**

**आँखाले नदेखिने शुक्ष्म जिवाणुदेखि हाम्रा शिरमाथि भएका आकाश, चलिरहने अणुपरमाणुदेखि सारा जगतमा घुमिरहने र सर्वत्र फैलिएका नक्षत्र तथा आकाश गङ्गाहरूको बारेमा अहिले थाहा पाएका वास्तविक ज्ञानभन्दा महान् र गहिरो ज्ञान त हाम्रो मगजले छुन पनि सक्दैन। हामीसँग यहाँ भएको थोरै समयले ती अपार ज्ञानलाई जान्न त परै होस्।**

**तर अर्को दृष्टिले हेर्ने हो भने यदि ती सबै थोकहरूको अध्ययन गर्न हामीसँग अनन्त समय छ भने धेरै धेरै रहस्यका प्रश्नहरू हामीले नै समाधान गर्ने अवसर पाउनेछौं।**

यस संसारको कहालिलाग्दो पापको बिगिविगिले ल्याएको दुःखकष्ट, आर्तनाद, मृत्युको अन्त्यपछि हामीले के सिक्नेछौं भनेर देहायका केही पदहरूले बुझाउन खोजिएको छ? हेर्नुहोस्, १ कोरन्थी १३:१२ "अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको हुनेछु।", १ कोरन्थी ४:५ "यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर (वा कसैको आलोचना नगर), प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।"

**अहिले हामीले नबुझेका, रहस्यका कुराहरू वा हामीबाट लुकिएका कुराहरू पछि बुझ्नेछौं भन्ने प्रतिज्ञा हामीलाई दिइएको छ। अहिले हाम्रो निम्ति कठिन भएका कुराहरू त्यसबेला देख्नेछौं र बुझ्नेछौं भन्ने आत्मज्ञानले हामीलाई कस्तो अचम्मको आशा दिएको छ! त्यसको लागि परमेश्वरको प्रशंसा, स्तुति गर्नु सिवाय अरू के छ र? अहिलेको हाम्रो जिम्मेवारी भनेकै हामीमाभएको आस्था तथा विश्वासलाई पकडि राख्नु हो, परमेश्वरका प्रतिज्ञाहरूमाथि भरोसा राखिराख्नु हो,हामीले पाएको दिव्य आत्मज्ञान अनुसार जिउनु हो र जे परिआएतापनि अन्तसम्म सहेर थामिराख्नु हो। र प्रभु येशूमाथि विश्वास राखेर उहाँको भक्तिभावमा हिँड्दा हामीलाई दिइएको वचन हाम्रो निम्ति असलै मान्नुपर्छ। त्यो हो "ख्रीष्ट येशूले हामीलाई दिनु हुने बलले हामी सबै थोक गर्न सक्छौं" (फिलिप्पी ४:१५ रूपान्तरित)।**

तपाईंको दिमाग वा मनमा के गऱ्हौं प्रश्नले भार भइरहेको छ? अहिले बुझ्न गाऱ्हो भएको के कुरा छ? अहिले नबुझेका प्रश्न वा जिज्ञासाहरूको जवाफहरू हामी पछि पाउनेछौं भनेर ढुक्क हुन परमेश्वरमा कसरी भर पर्ने?

## ४. नयाँ पृथ्वी वा आउनेवाला नयाँ संसारको स्कूल वा पाठशाला

"१६ हामी हरेस खाँदैनौं। हाम्रो बाह्य मनुष्यत्व नाश हुँदैगए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदैजान्छ। १७ किनकि हाम्रो हलुको र क्षणभरको कष्टले हाम्रा निम्ति अतुलनीय तथा अनन्तको महान्

महिमा तयार गरिरहेछ। १८ हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" (२ कोरन्थी ४:१६-१८)। यी पदहरूले हामीलाई के आशा प्रदान गर्दछ? ती केही अदृष्य अनन्तका तत्वहरू के होला जसको लागि हामी पर्खिरहेकाछौं र येशूद्वारा हामीलाई प्रतिज्ञा गरिएको छ? यी पदहरू पनि हेर्नुहोस्, प्रकाश २१:१,२ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें।" प्रकाश २:७ "जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ त्यसलाई परमेश्वरको स्वर्गलोकमा भएको जीवनको रूखबाट खान दिनेछु।" र प्रकाश ७:९-१७ "९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १० तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" ११ अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। १२ "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" १३ धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, "यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?" १४ अनि मैले तिनलाई भने, "हजूर, तपाईं नै जान्नुहुन्छ।" तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्। १५ यसैकारण, "तिनीहरू परमेश्वरका सिंहासनको सामुन्ने छन्, र दिनरात उहाँको मन्दिरमा उहाँको सेवा गर्दछन्, र सिंहासनमा विराजमान हुनुहुनेले आफ्नै उपस्थितिले तिनीहरूलाई शरण दिनुहुनेछ। १६ तिनीहरू कहिल्यै भोकाउने र तिर्खाउनेछैनन्, सूर्यको राप अथवा कुनै प्रचण्ड ताप तिनीहरूमाथि पर्नेछैन, १७ किनकि सिंहासनको बीचमा हुनुहुने थुमा तिनीहरूका गोठालो हुनुहुनेछ, र तिनीहरूलाई डोऱ्याएर जिउँदो पानीको स्रोतसम्म लानुहुनेछ, र परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ।"

येशूबाट हामीले जुनसुकै वास्तविक प्रतिज्ञाहरू पाइएतापनि, जतिसुकै धेरै कारणहरूले गर्दा हामीले ती प्रतिज्ञाहरूलाई विश्वास गरेतापनि एउटा यथार्थ तथ्यलाई हामीले स्वीकार्नै पर्छः त्यो हो, हाम्रो लागि जे पर्खिएर राखिएतापनि त्यो केवल झिनो  शङ्केत वा झलक्क मात्र हो। एउटा कुरो सुनिश्चित छ त्यो हो जे भएतापनि त्यो बेला सिक्ने सबै ज्ञान महान् हुनेछ। पापको क्षतबिक्षत बिनाको हाम्रो जीवन कस्तो महान् होला त्यो बर्तमान पापको भुमरीमा नाचिरहेका हामीले कल्पना पनि गर्न सक्दैनौं।

हाम्रो सबै पीडा, दुःखकष्ट, सबै संघर्षहरूको बर्तमान जीवन पापले गर्दा र पापको परिणामले ल्याएको हो। ती सबैलाई फुकाउन येशू आउनुभएको थियो। यस संसारमा पापको प्रवेश हुनुभन्दाको वातावरण कस्तो थियो र यस संसार सृष्टि गर्न परमेश्वरको मनशाय के थियो त्यसैलाई नै पुनर्स्थापना गर्न येशू आउनुभएको थियो। अझ त्यो बेलाको पृथ्वीभन्दा पछि हुने पृथ्वी झन उत्तम हुनेछ। ती सबै तेजस्वीमय महिमाको बीचमा  हाम्रो मुक्तिको निम्ति येशूले पाउनुभएको चोटका दागहरू हामी सदासर्वदा हेर्नेछौं र पापको एक परमाणु चाहना पनि हाम्रो मगजमा घुस्नेछैन।

"हाम्रो दृष्टिलाई अन्धकार बनाउने पर्दा त्यस समयमा उघारिनेछ। त्यसबेला हाम्रो नाङ्गो आँखाले नै प्रकृति संसारको सौन्दर्यता हामीले हेर्नेछौं जुन अहिले हामी माइक्रोस्कोपबाट केवल झल्कोमात्र हेर्न सक्छौं। अहिले हामी (अनेकौं अत्याधुनिक) टेलिस्कोपबाट नक्षत्रहरूका महिमालाई केवल स्क्यान वा झ्वास्समात्र हेर्नसक्छौं जब त्यसबेला पापको अभिशापको दाग मेटिन्छ त्यसबेला देखिने हाम्रो परमेश्वरको सौन्दर्यता हाम्रो अध्ययन गर्ने विषयबस्तु  खुलारूपमा हुनेछ, त्यसबेला कस्तो होला? त्यसबेला विज्ञानको विद्यार्थीले सृष्टिको लेखालाई पल्टाउनेछ र पापको नीतिले गर्दा ल्याएको ध्वंसको कुनै दाग पनि उसले देख्नेछैन। प्रकृतिको सङ्गीतका आवाजहरू उसले सुन्नेछ र त्यसबेला दुःखकष्ट वा पीडाको कुनै आवाज पनि उसले सुन्नेछैन।  सृष्टि गरिएका सबै थोकहरूमा एउटा हस्तलेख कोरिएको देखिनेछ-त्यो हो सारा जगतमा देखिने परमेश्वरको नाउँ ठूलो ठूलो अक्षरले लेखिएको र न त यस नयाँ पृथ्वीमा न त समुद्रमा न त आकाशमा खराब वा पापको एउटा दाग पनि देखिनेछ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. ३०३बाट रूपान्तरित।

एकदमै नयाँ संसारमा सधैंभरि जिउने भनेको के हो, सो चित्रण गर्न खोज्नुहोस्। त्यसबेलाको जीवन यहाँको जस्तो कठिन हुनेछैन। तपाईंको

कल्पनामा त्यो जीवन कस्तो होला? त्यसबेला तपाईंले विशेष गरेर के हेर्ने अपेक्षा गर्नुभएको छ?

## ५. सर्बोच्च गुरु

यस संसारमा हुँदा येशूको सेवाकार्यको केन्द्रित पक्ष भनेको उहाँ शिक्षक भएर उभिनुभएको धरोहरको रूपमा यस अध्ययन पुस्तकमा हामी हेऱ्यौं। उहाँको सेवाकार्यको सुरूदेखि नै उहाँले उहाँका चेलाहरूलाई निरन्तररूपमा आफ्नो बारेमा सत्य पहिचान, परमेश्वर पिताको बारेमा, मुक्तिको बारेमा र हाम्रो निम्ति के आशा पर्खिरहेको छ सो उहाँले विभिन्न तरिकाहरू अपनाएर सिकाउनुभएको थियो। हेर्नुहोस्ः मत्ती ५:१,२ "१ भीड़लाई देखेर उहाँ डाँड़ामा उक्लनुभयो, र उहाँ बस्नुभएपछि चेलाहरू उहाँकहाँ आए। २ उहाँले मुख खोल्नुभयो र तिनीहरूलाई शिक्षा दिन लाग्नुभयो...", मर्कूस ४:१,२ "१ पछिबाट फेरि समुद्रको किनारमा उहाँले शिक्षा दिन लाग्नुभयो। उहाँका चारैपट्टि भीड यति ठूलो भयो कि उहाँ समुद्रमा भएको एउटा डुङ्गामा चढ्नुभयो र त्यसैमा बस्नुभयो। मानिसहरूचाहिँ समुद्रको किनारका पाखामा बसेका थिए। २ अनि उहाँले तिनीहरूलाई दृष्टान्तहरूमा धेरै कुरा सिकाउनुभयो। उहाँले आफ्नो शिक्षामा तिनीहरूलाई यसो भन्नुभयोः...", लूका १९:४७,४८ "४७ उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिँदैहुनुहुन्थ्यो। तर मुख्य पूजाहारीहरू, शास्त्रीहरू र जनताका प्रमुख मानिसहरूले उहाँलाई मार्न खोज्थे। ४८ तिनीहरूले उहाँलाई मार्ने कुनै उपाय भेट्टाउन सकेनन्, किनकि सबै मानिसहरू उहाँका कुरामा मुग्ध थिए।" र यूहन्ना ६:५३-५९ "५३ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन। ५४ मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु। ५५ किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो। ५६ मेरो देह खाने, र मेरो रगत पिउनेचाहिँ ममा रहन्छ, र म त्यसमा रहन्छु। ५७ जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ। ५८ स्वर्गबाट आएको यो रोटी त्यस्तो होइन, जो पिता-पुर्खाहरूले खाए तापनि मरेर गए। यो रोटी खानेचाहिँ सधैंभरि जिउनेछ।" ५९ उहाँले यी कुरा कफर्नहुमको सभाघरमा शिक्षा दिंदा भन्नुभएको हो।"

येशूको शिक्षाको बारेमा जानकारी लिन तपाईंले सुसमाचारको कुनै पनि पुस्तकलाई सरसरती हेरे पुग्छ। र खास गरेर भन्ने हो भने उहाँको वचन वा धर्मशास्त्र बाइबलद्वारा उहाले अहिले पनि सिकाइरहनुभएको छ र त्यो सिकाउने निरन्तरत नयाँ पृथ्वीमा पनि जारि रहनेछ। तर पापको अस्तित्वको कुनै वाधा नभएको र हामीमा कुनै पनि सिमितका असमर्थताहरूले भरिएको जीवनमा त्यसबेला कस्तो भिन्न होला त्यो त अहिलेको निम्ति केवल कल्पनामात्रै हो।

जकरिया १३:६ "कसैले उहाँलाई 'तपाईंको शरीरमा भएका यी चोटचाहिँ के हुन्?' भनी सोधे भने, उहाँले जवाफ दिनुहुनेछ, 'यी मेरा मित्रहरूको घरमा मैले पाएका चोटहरू हुन्'।" यस पदमा के भन्न खोजिरहेको होला के तपाईंले गहिरिएर कहिल्यै सोच्नुभएको छ?

"जब अनन्त समय बित्दै जाने छ तब परमेश्वर र येशूको महिमित चरित्रहरूलाई झन झन गहिरिएर उजागर हँदै जानेछ। ज्ञान प्रगतिशील हो, त्यसकै अनुपातमा परमेश्वरप्रति हाम्रो प्रेम र श्रद्धा पनि बढ्दै जानेछ र हामीमा खुशी र सुखीका लहरहरू पनि बृद्धि हुँदै जानेछ। जति हामी परमेश्वरको बारेमा सिक्दै जानेछौं त्यति उहाँको चरित्रप्रति हाम्रो प्रशंसा, श्रद्धा र सराहना बढ्दै जानेछ। जब येशूले मुक्तिको योजनाको खजाना र शैतानसँगको महान् द्वन्द्वमा उपलब्धीहरू तिनीहरूको सामु प्रस्तुत गर्नुहुनेछ तब पापको दासत्वबाट मोल तिराएर छुटाएकाहरूका हृदयहरू उत्तेजित भएर उहाँप्रतिको अगाढ श्रद्धा अझ बढ्दै जानेछ र सुनका तार बाजाहरू बजाएर सारा जगत नै हर्षले गुञ्जायमान हुनेछ। दसौं हजार गुणा दसौं हजार र हजारौं हजार आवाजहरू एक भएर परमेश्वरको स्तुतिको गान चर्कोरूपमा गाउनेछन्।

"हो, परमेश्वर र शैतानको बीचमा भइरहेको भिषण अन्तर्द्वन्द्व वा संग्राम खतम हुन्छ र पाप र पापीहरू अब हुनेछैनन्। सारा जगत नै सफा शद्ध भएको हुन्छ। सारा सृष्टिमा एउटै खुशियाली र तालेमेलको लयले ढद्कन हुनेछ। त्यो एकसुरे ढद्कन सारा असिमित जगतको क्षेत्रमा फैलिनेछ। अत्यन्तै शुक्ष्म अणुदेखि संसारको महान् प्राकृतिक संरचनासम्म, सबै जीव र अजिवमा देखिने बिना छायाँको सुन्दरता र सिद्ध तथा परिपक्व आनन्दले यो घोषणा गर्नेछ कि परमेश्वर प्रेम हुनुहुन्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६७८ बाट रूपान्तरित।

अनन्तकालभरि हामीले सिकिरहने अविश्वसनीय सत्यहरूमा हाम्रो निम्ति येशू ख्रीष्टको त्याग र बलिदानको सत्यले जस्तो चकित पार्ने ज्ञान अरू

कुनै हुनेछैन। अनन्त समयसम्म सिकिरहने मुक्तिको योजना र येशूको बलिदान कतिको गहिरो, मूल्यवान र शानदार ज्ञान होला, सो कल्पना गर्नुहोस्। अहिले पनि हाम्रो निम्ति येशूले क्रुसमा के गर्नुभयो सो अझ राम्रोसँग सराहना गर्न हामीले कसरी सिकिरहने?

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइट, "द स्कूल अभ द हेयरआफ्टर" पृ. ३०१-३०९ *एजेकेशन,* "द ग्रेट कन्त्रोभर्सी एन्डेड" पृ. ६६२-६७८ *द ग्रेट कन्त्रोभर्सी।*

"अहिले **हामीलाई भयभित पार्ने र आतङ्कित पार्ने सिँह पाठोसँग लड्नेछ। नयाँ पृथ्वीमा सबै शान्ति र एकै लयमा चल्नेछ। नयाँ पृथ्वीका रुखहरू सिधा र गौरबशाली हुनेछ। तिनीहरूमा कुनै पनि कुरुप हुनेछैन।**

**"यस संसारको घरमा हुनै सबै सुन्दरताले सफा नदी र हरियो चौरले भविष्यको घरको सुन्दरतालाई हामीलाई याद दिलाओस्। त्यो समयमा रुखहरू ताजा हावाले लहराउनेछ वा फरफराउनेछ, जीवित मुहानबाट निर्मल पानी बग्नेछ, चहकिलो सहर र सेतो पोशाक लगाएका गायकहरूले हाम्रो स्वर्गको घरमा भएको सुन्दरतालाई सघाउनेछन्। त्यसबेलाको दृष्यलाई यस संसारको कुनै पनि मैहुँ भन्ने चित्रकारले कोर्न सक्दैन न त कुनै नाशवान जिब्रोले बयान गर्न सक्नेछ।"-एलेन जी ह्वाइट, हेभेन, पृ. १३३,१३४बाट रूपान्तरित।**

**"भविष्यमा हुने हाम्रो घरको बारेमा सोच्ने क्रममा बर्तमान भोगिरहेको भौतिक सम्पत्तिले गर्दा ल्याइरहेको भयले गर्दा त्यो केवल आत्मिक घरमात्र हो, त्यहाँ अहिलेको जस्तो जीवन हुनेछैन भन्ने धारणाले स्वर्गमा हुने घरको यथार्थ सत्यबाट हामीलाई बिचलित पारिरहेको छ। आफ्नो पिताको घरमा तिनीहरूको निम्ति आवास गृहहरू बनाउन जाँदैछु भनेर ख्रीष्टले चेलाहरूलाई आश्वास्त बनाउनुभएको थियो। जो येशूका भक्तहरूले परमेश्वरको वचनमा सिकाएका शिक्षाहरूलाई आत्मसात् गर्छन् तिनीहरूले स्वर्गमा हुने घरको बारेमा पूरै अज्ञान हुनेछैन। तैपनि "यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।" (१ कोरिन्थी २:९) भन्ने वचनलाई हामीले पन्छाउनुहुन्न। धर्मी वा परमेश्वरमा ठीक भएर बस्नेहरूको इनामको बारेमा यस संसारको कुनै पनि मानवीय भाषाले वर्णन गर्न सक्दैन। त्यसलाई देख्न सक्नेले मात्र थाहा**

**दिइनेछ। अहिलेको कुनै पनि नाशवान दिमागले परमेश्वरको स्वर्गको महिमालाई बुझ्न सक्दैन।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६७४,६७५बाट रूपान्तरित।**

**चिन्तनमननः**

अ. अनन्त जीवनले ल्याउने कुरोप्रति चासो नराख्ने मानिसहरूको बारेमा पास्कलले उल्लेख गरेको अझ सोच्नुहोस्। मानिसहरू किन त्यस्तो भएको होला? यस्तो धारणा बाइबलको परिप्रेक्ष्यमा किन तर्कहिन छ?

आ. हामी येशूका भक्त हौं भनेर दावी गर्छौं। परमेश्वरमा आस्था र विश्वास राख्छौं भनेर सिकाउँछौं। यस सन्दर्भमा अनन्त जीवनको आशा नै हाम्रो आस्थाको निम्ति अत्यन्तै महत्त्वपूर्ण छ र यदि त्यो आशा भएन भने हाम्रो मानव जीवनमा आस्थाको अर्थ के छ र? त्यो आशा भएन भने पशु र हामीमा के फरक छ र?

इ. अहिलेकै प्राकृतिक संसारमा अनेकौं बुझ्न नसकिने र अचम्मको रहस्यको बारेमा सोच्नुहोस्। कुनै पनि जीव विज्ञान वा बायोलोजी, भूगर्भविज्ञान, तारामण्डलको विज्ञान, भौतिक शास्त्र वा रासायनीक शास्त्रमा पहिले सोचेको भन्दा अहिले अत्यन्त फरक र जटिल भइरहेको पाइरहेको छ। वैज्ञानिकहरूले शुक्ष्म जीवाणुको बारेमा त्यस्तो चर्चा गर्दैन किनकि कुनै पनि शुक्ष्म जीवाणु त्यति सरल तरिकाले सृजिएको छैन। प्रत्येक पल्ट जब नयाँ नयाँ कुराहरू पत्ता लगाउँछ र आविश्कार गर्छ तब झन झन नयाँ नयाँ प्रश्नहरू पो उब्जिन्दो रहेछ जसको जवाफ पाउन जरुरी भएको देखिन्छ। यसले गर्दा पछिको स्कूलमा हामीले सिकिरहने विषयबस्तु अझ बुझिरहनेछौं भनेर वर्तमान ज्ञान विज्ञानले हामीलाई कसरी धकेल्न सक्छ?

# कथा १३
# आफ्नै हजुरबुबाबाट आक्रमण
## काजलकान्नोजिया, १४, भारत

हजुरबुबा असाध्यै दयालु र भलाद्मी हुनुहुन्थ्यो। उहाँले ५ वर्षकी काजललाई कथाहरू भन्नुहुन्थ्यो। उहाँ तीन वर्षको नाती निशान्तसँग भुईंमा खेल्नुहुन्थ्यो। तर जब एक दिन दुर्घट्ना भयो सबै थोक परिवर्तन भयो। एक दिन उहाँ भारतको नावरेली बजारबाट घर फर्किंदै हुनुहुन्थ्यो उहाँ चिप्लिनुभयो र लड्नुभयो। उहाँ जसो तसो गरेर उठ्नुभयो र घरमा फर्कनुभयो। तर उहाँको दयालु र भलाद्मी स्वभाव पनि चिप्लिएर गए। जब निशान्त उहाँसँग खेल्न बोलाएको थियो तब उहाँ झर्केर चिच्याउनुभयो। जब काजल कथा सुन्न उहाँकहाँ आइन् तब उहाँले ढुङ्गा लिएर त हिर्काउन थाल्नुभयो। उहाँ घरको छानामा चढ्नुभयो र फेरि ओर्ल्हनुभयो। यो उहाँले फेरि फेरि गर्नुभयो। दिन रात उहाँ रुन थाल्नुभयो। हजुरमुमा र सबै जना उहाँको नजिक आउन डराउन थाले। जब जब उहाँ काजलको नजिक आउनुभयो तब तब उनी डरले लुक्न गए। बुबा, आमा र हजुरमुमाले हजुरबुबालाई सबभन्दा ठूलो अस्पतालमा लानु भयो र धेरै डाक्टरहरूलाई देखाउनुभयो। उहाँहरू झाँक्री र टुनामुना गर्नेहरूकहाँ हजुरबुबालाई लानुभयो। उहाँबाट दुष्ट आत्मा वा भूत झार्न तिनीहरूले ढ्याङ्ग्रो ठट्टाए, उफ्रे अनेकौं तन्त्रमन्त्र गरे तर भूत त के हाम्रो घरको पैसा पो तिनीहरूले झारे। हजुरबुबालाई औषधी दिए र अनेकौं बुटी झुन्ड्याइ दिए। तर केहीले पनि हजुरबुबा पहिलाको जस्तो भएन। काजललाई दिक्क लागेको थियो र उनको चित्त दुःखिरहेको थियो। हजुरबुबाबाट कथाहरू सुन्न नपाउँदा उनलाई दिक्क लागिरहेको थियो। बुबा, मुमा र हजुरआमा पनि दिक्क हुनुभएको थियो र चित्त दुःखाइ रहनुभएको थियो। घरको नजिक रहेको सानो मन्दिरमा गएर त्यहाँबाट ढुङ्गाहरू बटुलेर हजुरबुबाले जताततै हान्न थाल्नुभयो। त्यो कसैलाई पनि मन परेन। एक दिन आमाले हामी सबैलाई सोध्नुभयो, "हाम्रा यी सबै देवीदेवताहरूले हजुरबुबालाई किन सहयोग गरेनन्?" बुबाले यो थप्नुभयो, "जब हजुरबुबाले ढुङ्गा लिएर हामीलाई हिर्काउन लागेको बेलामा ती देवताहरूले किन उहाँलाई किन रोकेनन्?" "हाम्रो देवीदेवताहरूमाथि भरपर्नुको सट्टा हामीले केही न केही गर्नुपर्छ" हजुरमुमाले भन्नुभयो।

त्यस परिवारमा तिनीहरूको देवीदेवताहरूमाथिको आस्था गुमेको थियो। हजुरबुबाको उपचारको निम्ति तिनीहरूले प्रयास गरिनै रहे। अन्तमा तिनीहरू आफ्नो गाउँबाट ठूलो सहर वाराणासीमा सर्नुभयो र त्यहाँ हजुरबुबाको निम्ति अस्पताल र क्लिनीकहरू चहार्न थाले। आफ्ना बुबाआमा, हजुरआमा, हजुरबुबा र भाइसँग सानो कोठमा सर्न पाएकोमा काजल खुशी भएकी थिइन्। हजुरबुबा निको भएर फेरि कथाहरू भन्न सकोस् भन्ने उनको चाहना थियो। बुबा र आमाले लुगा धुने सानो पसल त्यहाँ वाराणासीमा खोल्नुभयो। तिनीहरूले लुगा धुन्थे र लुगाहरूलाई स्त्रि गर्नुहुन्थ्यो। तिनीहरूले वाराणासीमा रहेका विभिन्न क्लिनिक र अस्पतालहरूमा हजुरबुबालाई लग्नुभयो। एक दिन बुबा र आमा इसाई चर्चमा जान निर्णय गर्नुभयो। पसलमा आउने एक जना ग्राहकले चर्चको पास्टरलाई बोलाएर उनको परमेश्वरलाई प्रार्थना गरे हजुरबुबालाई सञ्चो हुन्छ भनेर बराबर भनेको थियो। बुबा र आमा इसाई थिएनन्। आखिरमा यदि हजुरबुबा निको हुन्छ भने नयाँ परमेश्वरलाई प्रार्थना गर्न राजि हुनुभयो। काजल र भाइ चर्चमा जान धेरै सानै छन् भनेर आमाले भन्नुभयो। त्यसकारण तिनीहरू हजुरआमा र हजुरबुबासँग घरै बसे।

चर्चपछि पास्टरले हजुरबुबा र सबै परिवारको निम्ति प्रार्थना गर्नुभयो भनेर हजुरमुमालाई आमाले सुनाउनु भयो। अर्को आइतबार पनि फर्किने भनेर तिनीहरूले कुरा मिलाउनुभयो। अर्को आइतबार हजुरबुबाको निम्ति धेरै प्रार्थना गर्नेछ भनेर तिनीहरूले आशा गर्नुभयो। तर जब आफूहरू बसेको एउटा कोठाको घरपतिले बुबाआमा हजुरबुबालाई निको हुन्छ कि भनेर बुबाआमा चर्चमा जानुभएको थाहा पायो ऊ रिसाएर त्यस कोठाबाट सबैलाई निकालिदिए। "तिमीहरू चर्चमा जाऊ, येशूलाई विश्वास गर, तिमीहरू मेरो घरमा बस्न पाउँदैनौं" रिसले जङ्गिएर घरपति चिच्यायो।

परिवारले त्यस बाराणासी सहरमा कहिँपनि सस्तो कोठा पाएन। तिनीहरू आफ्नै गाउँमा फर्किन बाध्य भए। बुबा र आमाले येशूलाई माया गर्न थाल्नुभएको थियो र आफ्नो गाउँमा कुनै चर्च नभएकोले तिनीहरू निराश हुन थाल्नुभयो। तर अलिअलि सिकेको भरमा तिनीहरूले आफ्नै घरमा सङ्गतिको गरेर येशूलाई पुकार्न थाल्नुभयो। उहाँहरूले दिनदिनै येशूलाई प्रार्थना गर्नु थाल्नुभयो "हे प्रभु, यदि तपाईं प्रेमिलो परमेश्वर हुनुहुन्छ भने हामी कहाँ जाने सो देखाउनुहोस्।" आफ्नै गाउँमा फर्केको अर्को हप्ताको शनिबार बिहान आमाले मिठो सङ्गितको धुन हावामा घुमिरहेको आमाले सुन्नुभयो। उनी घरबाट

बाहिर निस्कनुभयो। आफ्नो बाटो पारि एउटा घरमा मानिसहरू गीत गाइरहेको उहाँले सुन्नुभयो। एक जना छिमेकीलाई उहाँले सोध्नुभयो, त्यहाँ के भइरहेको छ? "तिनीहरू आराधना गर्दैछन्" त्यस छिमेकीले जवाफ दियो। "पहिला त त्यस्तो गीत गाउने हाम्रो छिमेकीमा थिएन। तिनीहरूले येशूको भजन गाउँदै गरेको जस्तो सुनिन्छ तर तिनीहरू किन आइतबारमा आराधना गर्दैनन्?" आमाले सोध्नुभयो। "मलाई थाहा छैन तर तिनीहरू केही न केही आराधना गरिरहेका छन्" त्यस छिमेकीले भन्यो। त्यतिकैमा अर्को छिमेकी आएर तिनीहरू के कुरा गरिरहेको सुन्न थालिन्। "आउनुहोस्, म तपाईंलाई त्यस छिमेकीकहाँ लगिदिन्छु" त्यस छिमेकीले भनिन्। उनी सेभेन्थ-डे एडभेन्टिस्ट थिइन्। जिराले आमालाई आफ्नो छिमेकी भनेर एडभेन्टिस्ट पास्टरलाई परिचय गराइन्। अरूहरूसँग त्यस घरेलु चर्चमा परमेश्वरको आराधना गर्न आमालाई आग्रह गरिन्। आमाले हुन्छ भन्नुभयो तर आइतबारको सट्टा शनिबारनै तिनीहरू किन येशूको आराधना गरेका थिए भनेर उहाँ सोच्न थाल्नुभयो। आराधना पछि आमाल् पास्टरलाई सोध्नुभयो, "तपाईंहरू किन शनिबार आराधना गर्दै हुनुहुन्छ? सबै इसाईहरू आइतबार आराधना गर्छन् तब तपाईंहरूचाहीं शनिबार। किन?" पास्टरले भन्नुभयो, "म बाइबलबाट तपाईंलाई देखाउँछु हामीले शनिबार किन येशूको आराधना गर्छौं।" त्यसै हप्तादेखि बुबा, आमा र हजुरआमाले पास्टरबाट बाइबल अध्ययन गर्न थाल्नुभयो। सृष्टिको कथा भन्दै साबथमा परमेश्वरले किन यसलाई पवित्र राख्नु भयो र अलग गर्नुभयो भनेर पास्टरले सिकाउनुभयो। वहाँहरू तीनै जनाले उहाँहरूका हृदयहरू येशूलाई सुम्पिनुभयो। दुर्भाग्यवस हजुरबुबा आफ्नो रोगबाट कहिल्यै निको भएन। जब परिवारले पास्टरबाट बाइबल सिकिरहनुभएको थियो त्यसै समय हजुरबुबाको देहान्त भयो।

काजलले हजुरबुबाबाट फेरि अर्को कथा कहिल्यै सुन्न पाइनन्। तर उहाँले भन्नुभएका कथाहरूभन्दा बाइबलका कथाहरू असल भएको सुनेर उनी अत्यन्तै खुशि भएकी थिइन्। अहिले उनी १४ वर्षकी छिन् उनको १२ वर्षको भाइसँग वाराणासीको सेभेन्थ-डे एडभेन्टिस्ट आवासिय स्कूलमा बाइबल पढ्दै छन्। "स्कूलमा गीत गाएको, बाइबल पढेको र प्रार्थना गरेको मलाई मनपर्छ। यदि हाम्रो स्कूलमा रहेको सुत्ने कोठाहरू ठूलो भएको भए अरू धेरै बालबालिकाहरू आउँथे, बाइबल पढ्न र प्रार्थना गर्न मन पराउँथे" यस लेखकलाई काजलले सुनाइन्।

-आन्द्र्यु मेकचेस्नी